राम दत्त जोशी
गा.पा.अध्यक्ष

# वार्षिक नीति तथा कार्यक्रम
# २०७९/०८०

# लेकम गाउँपालिका

## रातामाटा, दार्चुला

सुदुरपश्चिम प्रदेश,नेपाल

**प्रस्तुत कर्ता**

राम दत्त जोशी

गाउँपालिका अध्यक्ष

**मिति २०७९।०३।१०**

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

**सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु**

१. संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानिय तह सदस्य निर्वाचन सम्पन्न भए संगै नवनिर्वाचित जनप्रतिनिधिहरुको पहिलो गाउँ अधिवेशन एवम् यस लेकम गाउँपालिकाको एघारौं गाउँ सभा मा आ.ब.२०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२. विगतमा भएका विभिन्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका निमित्त आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्दासुमन अर्पण गर्दछु । राजनैतिक आन्दोलनमा बेपत्ता भएका नागरिक र घाइते योद्दाहरु प्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु साथै सामाजिक, राजनीतिक परिवर्तमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सम्पुर्ण अग्रजहरु प्रति आभार प्रकट गर्न चाहन्छु ।

सम्पुर्ण गाउँ सभा सदस्य र राष्ट्रसेवक कर्मचारी मित्रहरु
अब म लेकम गाउँपालिकाको आ.ब.२०७९।०८० को बार्षिक निति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

३.आ.ब. २०७९।०८० को संघिय सरकार र सुदूरपश्चिम प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम, वार्षिक बजेट र पन्ध्रौं योजना सँग तादाम्यता एवं सन्तुलन कायम हुने गरि र गत आ.ब.का बजेटमा भएका कमि कमजोरीहरु मध्यनजर गर्दै र उदाहरणीय कामहरुलाई निरन्तरता दिदै यस आ.ब.२०७९।०८० का लागि नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

४.संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र आन्तरिक आम्दानीबाट प्राप्त वित्तीय श्रोतलाइ ६ वटै वडाहरुमा भौगोलिक विकटता, जनसंख्या,प्राथमिकता, आवश्यकता, समावेशिता, समन्यायिक एवम समानुपातिक रुपमा वितरण गरिनेछ ।

५.गाउँपालिकाको समग्र विकासका लागि सार्वजनिक, निजि र सहकारी क्षेत्रलाइ समृदीको सम्वाहकको रुपमा लिइ यी क्षेत्र बिचको सहकार्य र साझेदारीलाइ थप बलियो एवम प्रभावकारी बनाइनेछ ।

६.चालु खर्चमा मितव्ययिता अपनाई पूँजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिइनेछ ।

## क आर्थिक विकास

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

***"खनौ आफ्नै माटो , छोडौ विदेशको बाटो "*** भन्ने मुल अभियानका साथ कृषि विकास निति तथा कार्यक्रमहरु तयार पारिएको छ ।

७. कृषिमा उत्पादन र उत्पादकत्व वढाउन कृषि यान्त्रीकरण अपरिहार्य भएकोले यस वर्षको कार्यक्रममा अनुदानमा कृषि यन्त्र तथा उपकरणहरु वितरण कार्यक्रम लागु गरिनेछ ।

८. कृषियोग्य भुमीको पूर्ण उपयोग सुनिश्चित गर्नको लागि गाउँपालिका स्तरका कुनैपनि कृषि योग्य जमिन बाझौँ नरहने गरि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । बाझौँ जमिनमा खेति गर्न चाहने किसान लाई उत्पादनको मात्रा तथा क्षेत्रका आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

९. कृषि लाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै कृषिमा युवा र महिला लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

१०. व्यवसायिक रुपमा कृषि खेती गर्ने कृषकहरुलाई अनुदानमा बीउविजन तथा फलफूल उपलब्ध गराईने छ ।

११. **"बालीमा विषादी स्वास्थ्यमा वर्वादी"** अभियान अन्तर्गत लेकम गाउँपालिकालाई प्राङ्गारिक तथा अर्गानिक कृषि उत्पादनमा प्रोत्साहन गरि जैविक विधि बाट बाली सरंक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. फलफुल बगैँचा सुदृढिकरण गर्नको लागि काटँछाँट व्यवस्थापन को लागि आवश्यक पर्ने कृषि यन्त्रहरु अनुदानमा वितरण गरिने छ ।

१३. कृषक समुह सहकारी फार्म कृषक समुह तथा सरोकारवालाहरु को अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।

१४. कृषि मेला प्रर्दशनी कार्यक्रम सञ्चालन गरि उत्कृष्ट कृषकहरु लाई पुरस्कारको व्यवस्था गरिने छ ।

१५. कृषि प्रसार कार्यक्रममा सहजीकरण गर्नको लागि प्रत्येक वडा कार्यालयहरुमा कृषि प्राविधिक जनशक्ती को व्यवस्था गरिनेछ ।

१६.कृषकहरु लाई तरकारी खेती मा आकर्षित गर्नको लागि पोलिहाउसको व्यवस्था गरिने छ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

१७. कृषि लाई व्यवसायिकरण र आधुनिकीकरण गर्दै खाद्यान्न तरकारी फलफूल ,मौरीपालन  र खाद्यान्न बाली वस्तु पकेटहरु सञ्चालन गरी कृषकलाइ कृषि पेशामा आत्मनिर्भर बनाइनेछ ।

१८. वन र जैविक विविधता सरंक्षण र विकास लाई उचित महत्व दिदैँ बनफडानी कार्यलाइ नियन्त्रण गर्दै जमिनको भु उपयोग गर्नको लागि वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. लेकम गाउँपालिका भित्र उत्पादित तरकारी लाई बजारीकरण गर्नको लागि तरकारी उत्पादन क्षेत्रको प्राथमिकताका आधारमा  तरकारी/फलफूल सङ्कलन केन्द्र स्थापना गरी उचित बजारीकरणको व्यवस्था गरिनेछ ।

२०.पोषणमा टेवा पुर्याउनको लागि फलफूल विरुवा रोपण कार्यक्रम लाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

२१.सामुहिक तथा सहकारी कृषि  खेति लाई प्रोत्साहन  गर्नको लागि कृषक समुह/कृषि सहकारी/कृषि फार्म/संस्था लाई अनुदानमा तरकारी तथा फलफूल खेती कार्यक्रम गर्नको लागि अनुदानको व्यवस्था  गरिने छ ।

२२. कृषि बालीमा लाग्ने रोग किरा व्यवस्थापनका लागि  आई.पि.एम .कृषक पाठशाला सञ्चालनमा ल्याईने छ ।

२३. पिसाव लाई हिसाबमा रुपान्तरण गर्नको लागि भकारो सुधार कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ ।

२४. कृषि व्यवसाय गर्न चाहने कृषि विषय अध्ययन गरेका युवा/युवतीहरु लाई कृषि पेशामा प्रोत्साहन गर्नको लागि व्यवसायिक कृषि अनुदानको व्यवस्था गरिने छ ।

२५. माटोको भौतिक अवस्था सूधारको लागि आवश्यक पर्ने जिङ्क ,बोरोन ,कृषि चुन, जिप्सम जस्ता खाद्य तत्वहरु खरिद गरि वितरण गरिनेछ ।

२६. कृषि क्षेत्रको उत्पादनको मुख्य तत्व माटो भएकोले हाम्रो माटोको अवस्था के कस्तो छ भनि पहिचान गर्नको लागि माटो परिक्षणका सामग्री खरिद गरि माटो परिक्षण सेवा सञ्चालनमा ल्याईनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

२७. कृषि क्षेत्रमा विरुवा रोपण गरि हेरचार नगरि वेवास्ता गर्ने प्रचनलको अन्त्य गर्नको फलफूल बगैँचा स्याहारको लागि प्रभावकारी नीति ल्याईने छ ।

२८. कृषि क्षेत्रमा सिचाईको महत्वपूर्ण भुमिका हुने भएकोले साना सिचाई कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

२९. स्थानिय समुदाय लाई करेसाबारी खेती गर्न प्रोत्साहन गरिनेछ ।

३०. "**व्यवसायिक रुपमा काम गर्ने कृषक लाई सम्मान ,सबै कृषकहरु लाई अनुदान**" भन्ने अभियानका साथ कृषकको रोजाईको आधारमा कृषि कार्यक्रममा अनुदान दिईने छ ।

३१. "**रासायनिक मलखादले माटो बिगार्दछ , प्राङ्गारिक मलखादले माटो सिगार्दछ**" भन्ने मुल अभियानका साथ गाउँपालिका भरि प्राङ्गारिक मल र गडयौला जन्य मलखादको प्रवर्द्धन र क्षेत्र विस्तार गरिनेछ ।

३२. पशु स्वास्थ्य संरक्षण एवम रोग नियन्त्रण सेवालाई विस्तार एवम प्रभावकारी बनाईनेछ ।

३३. विभिन्न महामारी रोगहरुबाट कृषकहरुको पशुपंन्छी क्षती न्युनीकरण गर्नको लागी खोप सेवा संचालनमा ल्याईनेछ ।

३४. पशु क्षेत्रको विकासका लागि प्रत्येक वडामा एक जना पशु सेवा प्राविधिकको ब्यवस्था गरिने छ ।

३५. पशुपंन्क्षी उत्पादन कृषक समुह,निजी फर्म समुदायमा उद्यमी व्यवसायीलाई बस्तीस्तर बाट एकीकृत प्राविधिक सेवा,उन्नत नश्ल, व्यवस्थापन सुधार तथा रोजगारको सृजना गर्ने कार्यलाई अगाडि बढाइने छ ।

३६. पशुपंन्छी पालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि घाँस खेती, उन्नत जातका पाठापाठी वितरण, पशु स्वास्थ्य शिविर पशुपंन्छी पालन सम्बन्धी तालिम लगायतका कार्यक्रम संञ्चालन गरिनेछ ।

३७. सुख्खा याममा पनि पशुपंन्छीहरुको दुध तथा मासुको उत्पादन बढाउन उपयुक्त पशु आहारा,प्रजनन तथा घाँसवाली प्रविधिको विकास गरिनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा. अध्यक्ष

३८. व्यवसायिक रुपमा पशुपन्छी पालन गरेको  कृषक समुह,सहकारी तथा फर्महरु लाई उनीहरुको थप मनोबल बढाउनको लागी व्यवसायिक कृषि अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

३९. विदेशबाट फर्केका तथा बेरोजगार रहेका युवा/युवतीहरुलाई सम्मानित कृषि पेशामा आवद्ध गर्नको लागि स्थानिय सरकारबाट उत्कृष्ट किसान सम्मानित कार्यक्रम यसै वर्ष देखी संचालनमा ल्याईनेछ ।

४०. किसान कल्याण कोष संचालन गरी पशु वस्तुहरुमा दैवी प्रकोप महामारी वा कुनै दुर्घटना हुन गएमा किसान लाई राहत पुयाउने उद्देश्यले किसान कल्याण कोष यसै वर्ष देखी संचालनमा ल्याइने छ ।

४१. विपन्न दलित कृषक,एकल महिला,एकल पुरुष लाई पशुपालन सम्बन्धी व्यवसायमा व्यवसायिक विकास गर्न समुह गठन परिचालन गरि उनीहरुको आर्थिक अवस्था लाई उकास्नको लागी कुखुरा,बाख्रा,टर्की तथा बगुंरका पाठा पाठी अनुदानमा वितरण कार्यक्रम संचालन गरिनेछ ।

४२. गाउँपालिकाको प्रत्येक वडाहरुमा वडा सुहाउदो  एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत गाई,भैसी,बाख्रा,कुखुरा,माछा,घासँ खेती आदि पकेट कार्यक्रम यसै वर्ष देखी संचालनमा ल्याईनेछ ।

४३. गोठदेखी ओठसम्म कार्यक्रम संचालनमा ल्याउनका लागी भैसीको संख्या दिन प्रतिदिन घटिरहेको अवस्थामा भैसीपालक कृषकहरुको मनोबल उच्च राख्नको लागी व्यवसायिक भैसी पालक कृषकलाइ  अनुदानमा भैसी पालन व्यवसाय गर्न प्रोत्साहन  गरिनेछ ।

४४. भुक्षय न्युनीकरण गर्नका लागि लेकम गाउँपालिकाको सडक संजाल बिस्तार भएका ठाउँहरुमा सडक छेउछाँउ बहुबर्षे भुइघाँस तथा डाँलेघाँस उत्पादन कार्यक्रम यसै वर्षबाट संचालन गरिनेछ ।

४५.गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानिय स्तरमा के कस्ता किसिमका  कच्चापदार्थहरु पाईन्छन् उक्त कच्चापदार्थहरको बारेमा तथ्याकं अध्यावधिक गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४६.उद्यमशिलता विकास र रोजगार सृजना सम्बन्धि रणनितिक योजनाहरु तयार गरिनेछन् ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

४७.बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना र ती उद्यमहरुको स्तरोन्नती गरिने छ।

४८. कोरोना महामारीका कारण रोजगारी गुमाएकाहरुलाई पुनः रोजगारी प्रदान गर्न उद्यमशिलता विकास तालिम र सिप विकास तालिम संचालन गरी थप आयआर्जन गर्नमा मदत गरिने छ ।

४९.उद्यम क्षेत्रमा आवश्यक जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिने छ ।

५०.स्थानिय स्तरमा सृजना गरीएका र दर्ता भएका उद्यम व्यवसायिहरुलाई आवश्यकताको आधारमा ५० प्रतिशत अनुदानमा प्रविधी हस्तान्तरण गरिने छ ।

५१.परम्परागत ब्यबसाय तथा ज्ञान सिपलाई आधुनिकीकरण गरेर रोजगारी बृद्धि गर्न कार्यक्रम ल्याइनेछ ।

५२.स्थानीय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

५३.कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक सुरक्षासहितको श्रम ब्यबस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

**ख)सामाजिक विकास**

**५४.**शसस्त्र द्वन्द जनआन्दोलन लगायतका आन्दोलनका क्रममा शहिद भएका शहिद परिवार वेपत्ता भएका परिवार र घाइतेहरुको लागी आवश्यक बजेट बिनियोजन गरि राहत प्रदान गरिनेछ ।

५५.जनतासंग अध्यक्ष कार्यक्रम संचालन गरि नागरिकका समस्या समाधान एव् विकासमा युवाहरुको भुमिका प्रवद्धनका लागी आवश्यक कोष निर्माण का लागि बजेट बिनियोजन गरिनेछ ।

५६.गुणस्तरिय एवं प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि दक्ष जनशक्ति उत्पादन तथा स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

**५७.**पूर्ण खोप दिगोपना तथा सुनिश्चितता अवस्थालाई कायम राख्दै बालबालिका तथा किशोरवस्थामा हुने कुपोषण न्यूनिकरणका लागि आवश्यक पहल गरिने छ ।

राम दत्त जोशी
गा.पा.अध्यक्ष

५८.उत्तर प्रसुती अवस्थामा मातृ तथा नव शिशू स्वास्थ्यमा देखिने जटिलता रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

५९.आधारभुत स्वास्थ्य केन्द्रहरुबाट समेत संस्थागत सुत्केरी स्याहार संचालन गर्न पूर्वाधार निर्माण तथा सञ्चालनमा रहेका Birthing center हरुको क्षमता विकास गरिनेछ ।

६०.गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकिहरुमा अल्ट्रासाउण्ड घुम्ती  शिवीर संचालन गरिने छ ।

६१.आयुर्वेद चिकित्सा सेवा लाई गाउँपालिकामा थप विस्तार गरिनेछ ।

६२.राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम अन्तरगत स्वयमसेविकालाई दिइदै आएको सेवासुविधा समयसापेक्ष बनाइनेछ ।

६३.आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी एवं पहुच योग्य बनाउन आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइहरुको विस्तार गरिने छ ।

६४.नसर्ने रोग तथा दिर्घ रोगीहरुको लागी खोजपड्ताल तथा औषधिको व्यवस्था गरिनेछ ।

६५.स्वच्छ, स्वस्थ एवं गुणस्तरिय जिवनयापनमा मदत्त पुग्ने गरि खानेपानी सुरक्षा र सरसफाई कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६६.बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि अपुग बजेट स्थानिय तहबाट थप बजेट बिनियोजन गरिनेछ ।

६७.अपाङ्गता भएका व्यक्तिहरुको लागि क्षमता विकास गरि स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिने छ।

६८. महिला उद्घमि संग उपाध्यक्ष कार्यक्रम संचालन गरि उद्घमी बन्न चाहने महिलाका लागी आवश्यक निति तथा कार्यक्रमका लागी बजेट बिनियोजन गरिनेछ ।

६९.अपाङ्गता भएका व्यक्तिहरुलाई आधुनिक प्रविधिमा पहुच पुर्याई प्राविधिक शिक्षा तर्फ आकर्षित गर्दै लगिनेछ ।

७०.गाउँपालिका क्षेत्र भित्र हुने बाल विवाह न्युनीकरण गर्न किशोरीसंग उपाध्यक्ष कार्यक्रमलाइ निरन्तरता दिइनेछ साथै लैगिक हिंसालाइ निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

७१.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत युवायुवती,महिला, दलित, अपाङ्गता भएका व्यक्तीहरु, अल्पसंख्यक र जेष्ठ नागरिकहरुलाइ उद्यमशिलता र सिप विकास तालिम,व्यवसाय परामर्श तथा बजारीकरण गर्न प्रवद्धनका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।

७२.हाम्रो समाजमा विद्दमान रहेका महिला हिसां, छाउपडी प्रथा र जातिय भेदभाव उन्मुलन गर्न आवश्यक कार्यक्रम सहित सामाजिक रुपान्तरण अभियान संचालन गरिनेछ । साथै एकल महिलाहरुको लागी आयमुलक र सिपमुलक कार्यक्रमहरुको व्यवस्था गर्ने नीती ल्याईनेछ।

७३.लेकम गाउँपालिका अन्तर्गतका ४ वटै स्वास्थ्य संस्थाहरुमा महिला प्रजनन स्वास्थ्य बारे जनचेतनाका साथै आङ खस्ने समस्या भएका महिलाहरुका लागी स्क्रिनिङको साथै तेस्रो र चौथो डिग्रीका महिलाहरुको लागी अपरेसनको व्यवस्था गरिनेछ।

७४.१६ वर्ष मुनिका टुहुरा बालबालिकाहरुलाई दिइदै आएको निर्वाहमुखी भत्ता कार्यक्रमलाइ निरन्तरता दिइ समयसापेक्ष बनाइनेछ। साथै एकल षुरुप(विदुर ४० वर्ष माथी/सम्बन्ध विच्छेद) लाई सामाजिक सुरक्षा अन्तरगत निर्वाहमुखी भत्ता यसै आ.व.बाट प्रदान गरिनेछ।

७५.छोरा छोरी वा लालनपालन गर्ने आफन्त नभएका बृद्ध बृद्धाहरुका लागी आश्रय स्थलको रुपमा बृद्धाआश्रम स्थापनाका लागी संघ र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ।

७६.लेकम गाउँपालिकाका सबै वडाका सामुदायिक विद्यालयहरुमा EGRP कार्यक्रमलाई निरन्तरता दिइ सञ्चालन गरिनेछ।

**७७ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम लाई थप प्रभावकारी बनाइ आधुनिक प्रविधिमा आधारित र जनताको पहुँत तथा सहभागिहरुलाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।**

**७८ व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाइ पारदर्शी बनाइ लाभग्राहीको पहुच विस्तार गरिनेछ।**

**७९ विद्युतीय माध्यमबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाइ थप प्रभावकारी बनाइनेछ।**

**८० सामाजिक सुरक्षा भत्ता वितरणमा जनसहभागिता तथा जवाफदेहिता बढाउन जनचेतना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।**

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा. अध्यक्ष

**८१ घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाइ विद्युतीय माध्यममा आधारित केन्द्रीकृत प्रणालीको रुपमा स्थापित गर्न स्थानीय तहमा आवश्यक पर्ने सस्थागत सुदृढीकरण गर्न सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा कार्यरत जनशक्तिलाइ निरन्तरता दिइनेछ ।**

८०. आन्तरिक कर प्रशासनका कामकारवाहीहरुलाई प्रविधिमा आवद्ध गरि कर संकलन प्रकृयालाई अझ बढी सहज ,सरल, पारदर्शी, विश्वसनीय र आधुनिक बनाउन आवश्यक निति लिइनेछ ।

८१.आर्थिक सुशासन, वित्तिय पारदर्शिता लाई सबल बनाउन आन्तरिक लेखापरिक्षण प्रणालीलाई नियमित प्रभावकारी बनाई त्रैमासिक रुपमा आलेप गरी सो बाट प्राप्त सुझाव कैफियतहरुलाई प्रभावकारी रुपमा कार्यान्वियनमा लगिनेछ ।

८२. लेकम गाउँपालिका वडा नम्बर २ र ४ को बिचमा रहेको कैनोडा र वडा न ६ उचाकोटमा रहेको नेपाल टेलिकमको टावरमा विद्धुतको पहुँच पुगाएर नेपाल टेलिकम संग आवश्यक पहल गरि लेकम गाउँपालिका भित्र 4G सेवा विस्तार गर्न आवश्यक पहल गरिनेछ । साथै वडा नम्बर ३ मा नेपाल टेलिकमको टावर निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

८३.गाउँपालिका तथा वडा कार्यालयहरुमा लिज लाइन इन्टरनेट सेवा लाई थप प्रभावकारी बनाइनेछ ।

८४. सुचना प्रविधिमा दक्ष बनाउन जनप्रतिनिधि र कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

८५. गाउँपालिकाको सेवा प्रवाह लाई छिटो,छरितो,पारदर्शी तथा प्रभावकारी बनाउन विभिन्न MIS System हरुको व्यवस्था गरिनेछ ।

८६. अभिलेख व्यवस्थापन लाई ICT मैत्री बनाइनेछ ,साथै विधुतिय शासन लाई थप प्रभावकारी बनाइनेछ ।

८७.गाउँपालिका क्षेत्र भित्र हुने बाल बिबाह तथा किशोराबस्थाको गर्भधारण निरुत्साहित गर्न जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

८८.लेकम गाउँपालिका छ वटै वडाहरुमा न्यायिक समिति अन्तरगत मेलमिलाप केन्द्र स्थापनाका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

८९. गाउँपालिकाभित्रका प्राविधिक विद्यालयहरुमा प्राविधिक शिक्षा तर्फ अध्ययनरत लेकम गाउँपालिका मा स्थायी बसोबास भएका छात्रामध्ये गरिब तथा जेहेन्दार छात्रालाई छात्रबृद्धी प्रदान गर्न उपाध्यक्ष छात्रबृति कोष खडा गरी प्रत्येक प्राविधिक विद्यालयबाट एक जना छात्रालाई छात्रबृति प्रदान गरिनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

९०.नेपालको संविधानमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्मको शिक्षा निशुल्क प्रदान गर्ने प्रयोजनका लागि कक्षा ११-१२ सञ्चालित विद्यालयमा गाउँपालिकाको आन्तरिक स्रोतबाट तलबभत्ता पाउने गरी १/१ जना शिक्षकको व्यवस्था गरेर लेकम गाउँपालिकालाई माध्यमिक शिक्षासम्म पूर्ण रुपमा निशुल्क घोषणा गरिनेछ ।

९१.लेकम गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरेका महिला,दलित, अनाथ तथा अपाङ्ग छात्रछात्राहरुमध्ये SEE परीक्षामा A ग्रेड प्राप्त गरेकाहरु मध्येबाट उच्चतम् ग्रेड हासिल गरेका ३ जनालाई कक्षा ११-१२ वा प्रविधिक धारतर्फ प्रि- डिप्लोमा वा डिप्लोमा अध्ययनका लागि उचित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

९२.शिक्षणमा आधुनिक प्रविधिको प्रयोग गरी प्रभावकारी शिक्षण सिकाई सञ्चालन गर्न प्रत्येक सामुदायिक माध्यमिक विद्यालय र क्याम्पसमा १/१ वटा स्मार्ट बोर्ड प्रदान गरिनेछ ।

९३."हामी सबैको खुशीयाली, विद्यालयमा हरियाली" भन्ने नारा अन्तर्गत् प्रत्येक विद्यालयमा वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि प्रत्येक विद्यालयमा वृक्षारोपण गर्ने एवम् उत्कृष्ट विद्यालय बगैचा निर्माण गर्ने ५ वटा हरित विद्यालयलाई पुरस्कृत गरिनेछ ।

९४. गाउँपालिकाभित्रका १६ वटा विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र स्थापना हुन नसकी उक्त विद्यालय क्षेत्रका बालविकास उमेरका शिशुहरु बालविकासको अनुभव बिना नै कक्षा १ मा भर्ना गर्नुपर्ने बाध्यता हटाई सो विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।

९५ .प्रत्येक माध्यमिक तह सञ्चालित विद्यालयमा विषयगत ल्याब निर्माण गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षभित्र ७ वटा विद्यालयमा विषयगत ल्याब स्थापना गरिनेछ ।

९६ गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको अवस्था अध्ययन गरी आवश्यकता अनुसार विद्यालय समायोजन, तह एवम् कक्षा समायोजन गरी वैज्ञानिक र व्यवस्थित ढङ्गले शिक्षक दरबन्दी मिलान गरिनेछ ।

९७.अनुशासित र नैतिकवान विद्यार्थी तयार पारी सभ्य समाजको निर्माण गर्न प्रत्येक माध्यमिक विद्यालयमा बालक्लब, रेडक्रस एवम् स्काउट स्थापना गरिनेछ ।

९८.कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई उचित सम्मानका साथ प्रोत्साहन उपलब्ध गरिनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

९९.गाउँपालिका भित्रका महत्वपूर्ण शैक्षिक गतिविधि सम्बन्धी जानकारी आम अभिभावक, शिक्षक एवम् सरोकारवालाहरुलाई गराई सार्वजनिक शिक्षा प्रति चासो वृद्धि गर्ने उद्देश्यले हरेक महिनाको पाक्षिक रुपमा '**लेकमको शिक्षा**' रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।

१००.जीवन , जगत र सभ्य जीवनस्तर जिउने कला सिकाउन समाजका विभिन्न क्षेत्रमा अब्बल सावित भएका आदर्श व्यक्तित्वहरुसँग विद्यार्थीहरुको प्रत्यक्ष अन्तर्क्रिया गराउन प्रत्येक विद्यालयमा २ महिनाको एक पटक विज्ञसँग विद्यार्थी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१.माध्यमिक तहको SEE परीक्षा र कक्षा १२ को परीक्षा पश्चात् विद्यार्थीहरुलाई भविश्यको उचित गोरेटो पहिल्याउन Career counselling program सञ्चालन गरिनेछ ।

१०२.प्राविधिक शिक्षा तर्फ उच्च स्तरको जनशक्ति उत्पादन गर्ने उद्देश्यले गाउँपालिकाभित्र एउटा बहुप्राविधिक अवधारणा सहितको प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

१०३.प्रत्येक माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चितताका निम्ति सुविधासम्पन्न आवासीय विद्यालय स्थापनाका लागि पहल गरिनेछ ।

१०४.शिक्षण सिकाई प्रक्रियामा देखापर्ने समस्या एवम् चुनौतीहरु अन्वेषण गरी नवीन खोज तथा अनुसन्धान पद्धतिको सँस्कार विकास गर्न प्रत्येक विद्यालयमा Research Cell गठन गरिनेछ ।

१०५.अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई व्यवस्थित, प्रभावकारी र लक्ष्योन्मूख बनाउन गाउँपालिका भित्रका विज्ञ शिक्षक सहितको शिक्षक सहयोग संयन्त्र गठन गरी शिक्षा , युवा तथा खेलकुद शाखाद्वारा प्रत्येक महिना एकीकृत रुपमा विद्यालय सुपरिवेक्षण गरिनेछ ।

१०६.असल सिकाई अभ्यास गरेका विद्यालयहरुबाट अन्य विद्यालयहरुले समेत सिको गरी विद्यालय सुधार तथा व्यवस्थापन गर्न अन्तर्विद्यालय भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७."खेल खेलौ, स्वस्थ्य रहौं" भन्ने मूल नाराका साथ विद्यालय तहदेखि नै खेलकुदको विकास गर्न प्रत्येक विद्यालयमा आन्तरिक खेलकुद प्रतियोगिता, वडागत खेलकुद प्रतियोगिता र पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

१०८."खेल नै समाजको चाहना, खेलाडी हुन् राष्ट्रका गहना" भन्ने उक्तिलाई आत्मसात गरी खेलको प्रवर्द्धन र खेलाडीलाई सम्मान गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेल प्रतियोगिता खेलिसकेका यस

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

लेकम गाउँपालिका भित्र स्थायी बसोबास भएका खेलाडीहरुलाई सम्मान गर्दै उत्कृष्ट प्रदर्शन गरेका १ जना खेलाडीलाई 'लेकमको खेल सदभावना दुत' घोषणा गरिनेछ ।

१०९.युवा जनशक्तिलाई लेकमको विकासमा उपयोग गर्न बेरोजगार युवाहरु लक्षित गरी छोटो अवधिको सीपमूलक तालिम प्रदान गरिनेछ ।

११०.विद्यालय तहमा अध्ययनरत अनाथ, अपाङ्ग, गरीब तथा जेहेन्दार बालबालिकाहरुलाई पढाई निरन्तरताका लागि उचित छात्रवृत्ति प्रदान गरिनेछ ।

१११.शिक्षकहरुको क्षमता अभिवृद्धि गरी शिक्षण सिकाई क्रियाकलापमा टेवा पुर्याउने उद्देश्यले प्रारम्भिक बालविकास, आधारभूत र माध्यमिक तहका शिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।

११२.शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यका साथ विद्यार्थीलाई कक्षाकोठाबाटै व्यवसायिक ज्ञान र सीप प्रदान गर्नका लागि प्रत्येक माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरिनेछ ।

११३.विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास गर्न विविध खालका विद्यालय र पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

११४ गरौ योग रहौ निरोग भन्ने मूल नाराका साथ लेकम गाउपालिकाका विभिन्न स्थानमा योग शिविर सञ्चालन गर्ने साथै योग शिक्षालाइ विद्यालय स्तरबाटै प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

११५.औपचारिक शिक्षाको प्रारम्भिक चरणको रुपमा रहेको प्रारम्भिक बालविकासलाई बालमैत्री एवम् सिकाईमैत्री नमूना थलोका रुपमा विकास गर्न उत्कृष्ट २ वटा बालविकास केन्द्रलाई नमूनाको रुपमा विकासका लागि प्रोत्साहन रकम उपलब्ध गरिनेछ ।

११६.सार्वजनिक शिक्षाको गुणस्तर सुधारका ज्वलन्त मुद्दा एवम् चुनौती समाधानका उपाय पहिल्याउन शैक्षिक सेमिनार सञ्चालन गरिनेछ ।

११७.आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनको चरणमा थप सहज बनाई प्रभावकारी शिक्षण सिकाई प्रक्रियामा टेवा पुर्याउन पाठ्यक्रममा आधारित भई पाठ्यपुस्तक तयार गरिनेछ ।

११८.शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग गरी मूर्त, वस्तुगत तथा उपलब्धिपूर्ण सिकाई प्रक्रिया सुनिश्चित गर्न सम्पूर्ण विद्यालय लक्षित गरी लागि शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिनेछ ।

११९.प्रत्येक विद्यालयले समाज सुधारका लागि कम्तीमा ३ महिनामा १ पटक आफ्नो Catchment Area भित्रका समुदायमा प्रत्यक्ष रुपमा उपस्थित सामुदायिक सचेतनामूलक अभियान अन्तर्गत अगुवाई गर्न 'समुदायका लागि विद्यालय कार्यक्रम' सञ्चालन गर्ने ।

**ग) भौतिक पुर्वाधार विकास**

**१२०** लेकम गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना तर्जुमा गरी लेकम गाउँपालिकाको समग्र विकास लाई मार्गदर्शन प्रदान गर्नका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१२१.विगतका क्रमागत योजनाहरु लाई यसै वर्ष सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिने छ ।

१२२ खानेपानी क्षेत्रको सुधार र विकासका लागी गाउँपालिकामा वास युनिटको स्थापना गरी संचालनमा ल्याइनेछ ।

**१२३.गाउँटोल हराभरा घरघरमा पानी धारा** भन्ने गत आ.व. को नारालाई यस वर्ष समेत निरन्तरता दिईएको छ।

१२४.केन्द्र र प्रदेश सरकारबाट लेकम गा. पा. भित्र खानेपानी योजनाहरु सञ्चालनका लागि बजेट विनीयोजन भएका लेकम भरिका खा.पा. लगायतका योजनाहरु समयमै कार्यान्वयनमा ल्याउन आवस्यक पहल जारी रहने छ। साथै केन्द्र र प्रदेश सरकारले समेटन नसकेका खानेपानी समस्याग्रस्तक्षेत्रमा यस गा. पा. वाट बजेट विनीयोजन गरिने छ।

१२५.भौतिक संरचनाहरुको निमार्णमा गुणस्तरियता अभिबृद्धि गर्न स्थानीय डकर्मीहरुको दक्षता अभिबृद्धि सम्बन्धीतालीम सञ्चालन गरिने छ ।

**१२६.उज्यालो लेकम सम्बृद्ध लेकम** कार्यक्रम अन्तर्गत गत आ.व. मा यस गा. पा. बाट विनीयोजित वजेट र केन्द्र सरकारबाट विनीयोजित वजेट कार्यान्वयनको चरणमा रहेको र सो वजेटले समेट्न नसकेको बस्तीमा विधुतिकरणका लागि केन्द्र सरकार सगँ समन्वय र सहकार्य गर्दै आगामि आर्थिक वर्ष भित्र प्रत्येक घर घरमा विधुत सेवा पुर्याउन पहल गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२७.हाल गाउँपालीका अन्तर्गत विस्तार भईसकेका सडक सञ्जालहरुको स्तरोन्नती गरिने छ । संघीय सरकारले देशभरिका सवै स्थानीय तहको केन्द्र जोडने सडक कालोपत्रे गर्ने रणनीतिक

राम दत्त जोशी
गा.पा. अध्यक्ष

कार्यक्रम अन्तरगत गोकुलेश्वर - लाली र एरिछिना धनथना सडकको लागि संघीय सरकार सगँ निरन्तर समन्वय र सहकार्य र गरिने छ। साथै गाउँपालिका भित्र हालसम्म विस्तार भएका अन्य सडक सञ्जाल हरुको स्तरोन्नतीका लागि केन्द्र र प्रदेश सरकार सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । साथै सडक नपुगेका बस्तिहरुमा सडक सञ्जाल विस्तारका लागि थप बजेट बिनियोजन गरिनेछ ।

१२८.यस वर्ष सञ्चालन गरिने योजनाहरु पहिलो चौमासिक भित्रैसम्झौता सम्पन्न गरि योजना कार्यान्वियन लाई प्रभावकारिताका साथ सञ्चालन गरिने छ ।

१२९.गाउँपालीकाका विभिन्न क्षेत्र मा विस्तार भईसकेको सडक सञ्जाल मा समय समयमा हुने बाढी पहिरो लगायको अवरोधलाई हटाउन र बाह्रै महिना सडक निरन्तर संचालनका लागी ब्याक ह्विलर खरिद गरी संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१३०.प्राकृतिक स्रोत साधनको अनावश्यक दोहनलाई रोकी स्रोत साधनको प्रयोगलाई व्यवस्थीत बनाउन लेकम गाउपालिका अन्तर्गतका नदि तथा खोला नाला लगायतका क्षेत्रहरुमा IEE/EIA गरिने छ ।

१३१.सम्भांव्य सिचाई क्षेत्रमा सिचाई सुविधा विस्तारका लागी आवश्यक बजेट विनियोजन गरिने छ ।

१३२.गाउँपालीका क्षेत्र भित्रका संभाव्य प्रर्यटकिय स्थलहरुको पहिचान गर्दै आवश्यक पूर्वाधारको निमार्णलाई प्राथमिकताका साथ सञ्चालन गरि आन्तरिक र बाह्य प्रर्यटन प्रवद्र्धन गर्दै स्थानीय आय आर्जन विस्तार गरिने छ ।

१३३.भौतिक संरचना निमार्ण सम्बन्धी आचार संहिता निमार्ण गरि गाउँपालीका भित्र निमार्ण गरिने संरचनाहरु लाई व्यवस्थीत गरिने छ ।

१३४.प्रत्येक वडाहरुमा वडा स्तरिय खेलकुद मैदान निरन्तरता दिईएको छ र लेकम गा. पा ३ लालीमा रहेको खेलकुद मैदानलाई स्टेडियमको रुपमा स्तरोन्नति गर्न र लेकम ४ बगौरामा हेलिप्याड सहितको खेलकुद मैदान निर्माण गर्न संघीय सरकार सगँ आवस्यक पहल गरिने छ।

१३५ गाउँपालिका अन्तरगत रहेका विभिन्न मठ मन्दीर हरुको सरक्षण, मर्मत संभार गर्दै धार्मिक प्रर्यटन लाई प्रर्वद्धन गरिने छ ।

१३६.खाद्यान्न लगायत कृषिउपजको भण्डारणका लागी प्रत्येक वडाहरुमा शित भण्डारको स्थापना गर्नका लागि सघ प्रदेश सरकारसग आवश्यक पहल गरिनेछ ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

१३७.विश्वव्यापी उष्णता, जलवायु परिवर्तन बढिरहेको विद्यमान अवस्थामा वृक्षारोपण कार्यक्रम अन्तगत **एक रुख काट्दादश रुख रोपौ** अभियान सचांलन गरि नेपाल सरकारले अवलम्बन गरेको कार्वन व्यापारमा समेत टेवा पुग्ने गरि वृक्षारोपण कार्यक्रम लाई स्थानीय समुदायबाटै कार्यान्वयन गरिने छ ।

१३८.खहरे खोला र पहिरो नियन्त्रणको लागी वायो इन्जीनियरिङ र हरित सडक अभियानलाई उच्च् प्राथमिकताका साथ अवलम्बन गरिने छ ।

१३९.भारत सगँ सिमा जोडिएको वडा नं.३ को लालीमा भारत सगँको सहकार्यमा पक्कि मोटरेवल पुलस्थापनागरि छोटी भन्सार कार्यालय वा भन्सार स्थापनाका लागीकेन्द्र सरकार सग आवश्यक पहल गरिने छ । साथै चौलानी नदीमा बैतडी दार्चुला जोड्ने धन्थला मोटरेवल पुल ,सेरा पक्की पुल,बैतडी दार्चुला जोड्ने चोचेबगर पक्की पुल स्थापना लागी र झोलुङ्गे पुलको आवश्यकता रहेको ठाउँको पहिचान गरि बजेट बिनियोजनका लागी केन्द्र वा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।

१४०.गोकुलेश्वर लाली सडक खण्ड अन्तर्गतको रिठेगाडमा पक्की मोटरेवल पुल निर्माणका लागी संघीय सरकार सगँ आवश्यक पहल गरिनेछ ।

१४१.गोकुलेश्वर बजार सँग सिमाना जोडिएको वडा नं.६ र भारत सँग सिमाना जोडिएको वडा नं.३ लाई व्यापारिक नाकाका रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

१४२ लेकम गाउपालिकाको प्रशासकीय भवन र वडा नम्बर ५ को चौपातामा १० शैयाको सुविधा सम्पन्न अस्पत्ताल निर्माणका लागी कार्यान्वयन चरणमा रहेकोमा उक्त संरचना समयमै निर्माणका सम्पन्न गर्न आवस्यक पहल गरिने छ।

१४३.गाउँपालिका भित्र उत्पादन हुने स्थानिय स्रोत साधन जस्तै चिउरीको साबुन,सालका पातको टपरि,बाँसका डोकाडाला लगायतका क्षेत्रमा लघु उद्यम विकास एवम विस्तारको लागी स्थानिय समुदाय एवम उद्ध्यमीहरु संग समन्वय एवम सहकार्य गरिनेछ ।

१४४.आवास बिहिन बादी समुदायहरुको आवास निर्माणको लागि गत आ.व. मा विनीयोजित वजेट कार्यान्वयन चरणमा रहेको । उक्त कार्यक्रमलाई आगामि वर्ष पनि निरन्तरता दिईने छ।

१४५ प्राविधिक कर्मचारीहरुको क्षमता विकासका लागि आवस्यक कार्यनीति कार्यान्वयनमा ल्याईने छ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

१४६ पालिकाका ५ वटा वडाहरु सडक सञ्जालमा जोडासकिएको मा सडक सञ्जालमा जोडिन बाँकि वडा न २ को वडा केन्द्रलाई यथाशीघ्र सडक सञ्जालमा जोडिने छ।

१४७ घर नक्सा पास प्रणालीलाई सञ्चालनमा ल्याईने छ ।

१४८ मालपोत तथा जग्गा प्रशासनका कार्यहरू स्थानीय तहबाट गर्न संघ सरकारसँग सहकार्य गरिने छ ।

१४९ प्राकृतिक, पर्यावरणीय, साहसिक, धार्मिक, सांस्कृतिक, कृषि, तथा मनोरञ्जन पर्यटन गन्तव्य तथा क्षेत्रहरूको पहिचान, संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ ।

१५० पालिकामा जग्गाको उपलब्धता हेरी बगैँचा तथा पार्कहरूको विकास तथा व्यवस्थापन गरिने छ ।

१५१ पर्यटन प्रवर्धनका निजी क्षेत्रलाई प्रोत्साहन गरि होटल, रेष्टुरेन्ट, होमस्टे, पदयात्रामार्ग, पर्यटक गाइड, र्याफ्टिग लगायतका क्षेत्रको विकास गर्ने नीति लिईने छ।

१५२ लेकम गाउँपालिका भित्रका सम्पुर्ण  धार्मीक स्थलहरुको संरक्षण, सम्बद्धन र प्रचारप्रसारका लागि विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ।

**घ) वन, वातावरण र विपद व्यवस्थापन**

१५३ .भुक्षय र पहिरोको जोखिम नियन्त्रण तथा घरेलु परम्परागत उद्योगको संचालनका लागी बाँस तथा निगालो रोपणमा विशेष प्राथमिकता दिईनेछ ।

१५४.गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक/निजि वन, सार्वजनिक स्थलहरुको संरक्षण सम्वर्दन गर्न र पर्यावरणीय सन्तुलन कायम गर्न बन उपभोक्ता समितिहरुलाई सकृय गरि वृक्षारोपण सहित आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

१५५  लेकम गाउपालिका अन्तर्गत कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको सेवासुविधा समयसापेक्ष बनाइनेछ ।

१५६.जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका क्रियाकलापहरु सन्चालन गरिनेछ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

१५७. सामाजिक परिचालक परिचालन कार्यविधि बनाइ सामाजिक परिचालकहरुको व्यवस्था गरिनेछ ।

१५८.वित्तिय सुशासन कायम राख्न तेश्रो पक्षबाट सार्वजनिक सुनुवाइलाइ निरन्तरता दिइनेछ ।

१५९.गाउँपालिकाबाट दिइने सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइनुका साथै भ्रष्टाचारसम्बन्धी शुन्य सहनशिलताको निति अबलम्बन गरिनेछ ।

१६०.गाउँपालिका भित्र रहेका सुरक्षा निकायहरुको भौतिक पुर्वाधार निर्माण लगायत संस्थागत क्षमता अभिबृद्धी गरिनेछ ।

१६१.आयोजनाको दिगोपनाका लागि गाउँपालिका र वडास्तरिय अनुगमन मुल्यांकन समितिलाइ थप प्रभावकारी बनाइदै लगिनेछ ।

१६२.सुचनाको हक प्रत्याभुति दिन तथा सुचना संप्रेषण गर्न सन्चार माध्यमहरुको पहुच अभिवृदी हुने कृयाकलापहरु सन्चालनमा जोड दिइनेछ ।

१६३. लागुऔषध नियन्त्रण सम्बन्धि कार्यक्रमलाई थप प्रभावकारी बनाउन गुरुयोजना कार्यान्वयन गर्नका लागि बजेटको व्यवस्था गरिने छ ।

१६४.लेकम गाउँपालिका भरी ट्रयाक खोल्न बाकी रहेका सडकहरुबाटहरुको डिपिआर गर्नको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।

१६५. सघ , प्रदेश र अन्य दातृ निकायहरु बाट प्राप्त हुने अनुदानमा समपुरक कोषको लागि बजेट बिनियोजन गरिने छ ।

१६६.बैतडीको सलसेना र दार्चुलाको धनथला जोड्न ब्रीज पुलको निर्माण गर्न लागि सम्बन्धित निकाय बजेटमागका लागि सहकार्य गरिने छ ।

१६७.लेकम गाउँपालिकामा कृषि,वन,पर्यटन र खानीमा आधारित उद्यम व्यवसायबाट उत्पादन भएका बस्तुहरु प्रर्दशनीका लागि कृषि महोत्सवको लागि पहल तथा बजेट बिनियोजन गरिने छ ।

<u>सम्पुर्ण गाउँसभा सदस्य एवम कर्मचारी मित्रहरु</u>

अब म यस सम्मानित सभामा आ.ब.२०७९।८० को लागि संघिय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदानको बारेमा जानकारी गराउन चाहन्छु ।

**संघिय सरकारबाट प्राप्त अनुदान**

राजस्व बाडफाँड तर्फ रु ७ करोड १५ लाख ८० हजार मात्र ।

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

राम दत्त जोशी
गा.पा.अध्यक्ष

वित्तीय समानिकरण तर्फ रु ११ करोड ५७ लाख मात्र ।

सशर्त अनुदान चालु तर्फ रु १९ करोड ५ लाख मात्र ।

सशर्त अनुदान पुजिगत तर्फ रु २ करोड ८ लाख मात्र ।

बिशेष अनुदान पूजीगत तर्फ रु १ करोड ४० लाख मात्र ।

समपूरक अनुदान तर्फ रु १ करोड २० लाख मात्र ।

**सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान**

वित्तिय समानिकरण तर्फ रु ८२ लाख ९५हजार मात्र ।

सवारी साधन कर तर्फ रु ९ लाख ४ हजार मात्र ।

प्रदेश विशेष अनुदान तर्फ रु २० लाख मात्र ।

प्रदेश समपुरक अनुदान तर्फ रु ३२ लाख मात्र ।

आन्तरिक श्रोत गा पा तर्फ रु २५ लाख

गत आ व को बचत रकम रु २ करोड मात्र

**जम्मा रकम रु ४६ करोड १४ लाख ७९ हजार मात्र ।**

**योजनाहरु प्राथमिकिकरण छनौटका आधार तथा मापदण्डहरु तय गरिएको छ ।**

क) आर्थिक विकास र गरिबी न्युनिकरणमा प्रत्यक्ष योगदान पुर्याउने
ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने
ग) राजश्व परिचालनमा योगदान दिने
घ) स्थानिय श्रोत साधनमा आधारित भइ सहभागिता अभिवृदि गर्ने
ङ) लैङ्गिक समानता सामाजिक समावेशिकरणको अभिवृदी गर्ने
च) स्थानिय संस्कृती र पहिचान प्रवर्दन गर्ने
छ) दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
ज) सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल
२०७३

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने लेकम गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु, गाउँपालिकाका सम्पुर्ण राष्ट्र सेवक कर्मचारीहरु, विभिन्न राजनितिक दलका पदाधिकारीहरु,पत्रकार मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु, सम्पुर्ण अग्रज व्यक्तित्त्व,समाजसेवी,बुद्विजिवी र यस गाउँपालिकामा रहनु भएका सबै आमाबुवा,दिदि बहिनी तथा दाजुभाइहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस गाउँपालिकाको विकासमा सहयोग पुर्याउने आम नागरिक, करदाता र सबै विकास साझेदार संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको साथ सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

विभिन्न समस्या र चुनौतीहरुका बाबजुत बस्तुगत यथार्थ धरातलमा उभिएर ती समस्या र चुनौतीहरुको सामना गर्न हामी सबै प्रतिबद्द र एकताबद्द बनौ साथै लेकम गाउँपालिकाको उज्वल भविष्य निर्माणको लागि आशाबादी बनौ ।

# धन्यबाद ।